निर्णयहरू:

१. यस अघि बसेका कार्यालय प्रमुखहरुको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो। साथै जिल्ला स्थित कार्यालय प्रमुखहरुबाट कार्यालयको कार्य सम्पादन तथा अन्य विषयमा जानकारी तथा छलफल भयो।

२. विकास निर्माण, सँग सम्बन्धित जिल्ला स्थित सरकारी कार्यालयहरूले चालु आ.ब.मा संचालित बार्षिक आयोजना, बहुवर्षीय आयोजना र समस्याग्रस्त आयोजनाको प्रगति विवरण माग गरिएकोमा हालसम्म केहि कार्यालयहरुबाट प्राप्त नभएकोले पठाउन बाँकी कार्यालयहरुले माग भएको Format बमोजिमको विवरण एक हप्ताभित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

३. जिल्ला स्थित सरकारी कार्यालयहरूले आ-आफ्नो कार्यालयको चालु, पूँजीगत खर्च र राजश्व संकलनको चालु आ.व.को हालसम्मको वित्तीय प्रगति र कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयले आफूले निकासा गर्ने कार्यालयहरूको समग्र खर्च प्रतिशत र राजश्व संकलनको तुलनात्मक अवस्था प्रत्येक कार्यालय प्रमुखको बैठकमा पेश गर्ने ।

४. जिल्लास्थित सरकारी कार्यालयहरूले आ-आफ्नो कार्यालयको कार्यप्रकृति अनुसार नागरिकको सेवा प्रवाहलाई सुलभ र सहज बनाउन नवप्रवर्तनीय र रचनात्मक तवरले सेवा प्रवाह प्रारम्भ गर्ने ।

५. सूचनाको हक कार्यान्वयन गर्न गठीत जिल्ला अनुगमन इकाईको निर्णयानुसार अझै पनि कतियय सरकारी कार्यालयहरूले सूचना अधिकारी तोक्ने, सूचना अधिकारीको विवरण फ्लेक्स प्रिन्टमा तयार गरी देखिने ठाउँमा राख्ने, स्वतः प्रकाशन नियमित गर्ने र सूचना मागेको तथा दिएको विवरण अद्यावधिक गरी राख्ने कार्य गरेको नपाइएकोले बाँकी कार्यालयहरूले तत्कालै उल्लेखित कार्य गर्ने ।

६. जिल्ला स्थित सरकारी कार्यालयका दुईपाङ्ग्रे सवारी साधन औचित्य पुष्टि नहुने गरी जिल्ला बाहिर गएको गुनासो प्राप्त भएकोले कार्यालय प्रमुखहरूले सोको नियमन तथा नियन्त्रण गर्ने। सरकारी सवारी जिल्ला बाहिर लानुपर्दा औचित्य पुष्टी हुने कागजात संलग्न गरी कार्यालय प्रमुखले सिफारिस गरी अनुमतिका लागि पठाउने। अनुमति नलिई सार्वजनिक विदाका दिन संचालन भएर जिल्ला बाहिर गएका सवारी साधनहरु तत्कालै नियन्त्रणमा लिई आवश्यक कानूनी कारवाही जिल्ला प्रहरी कार्यालय जाजरकोटले गर्ने।

२०७९।१०।०८